# अशक्त, असहाय तथा दैवीप्रकोप पीडितको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७

**नगरसभाबाट स्वीकृत मितिः २०७७/०४/३०**

अशक्त, असाह्य तथा दैवीप्रकोप पिडीत नगरवासीहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यलाई अनुमानयोग्य र मितव्ययी बनाई आर्थिक सहायता उपलब्ध गराउने कार्यमा एकरुपता कायम गर्नको लागि मिति २०७७।०४।३० गते बसेको दुधौली नगरपालिकाको दशौं नगरसभाको बैठकले देहाय बमोजिम दुधौली नगरपालिकाको **अशक्त, असहाय तथा दैवी प्रकोप पीडितको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७** बनाई स्वीकृत गरेको छ ।

१. **अशक्त र असहायलाई उपलब्ध गराउने आर्थिक सहायता :**

क) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असह्य भई आम्दानी गर्न नसक्ने भएको र निज वा निजको परिवारको कुनै सदस्यलाई स्वास्थ्य सम्बन्धी गम्भिर प्रकृतिको समस्या भएको प्रमाणित गर्ने कागजात र वडा कार्यालयको पत्र सहित वडा अध्यक्षबाट प्रमाणित भई आएमा नगरकार्यपालिका कार्यालयबाट प्रति पीडित व्यक्ति बढीमा रकम रु.१०,०००।-(अक्षरुपी दश हजार मात्र) सम्म आर्थिक सहायता रकम पीडित वा नाता प्रमाणितको आधारमा निजको परिवारको सदस्यलाई उपलब्ध गराउनु पर्ने छ ।

ख) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असह्य भई आम्दानी गर्न नसक्ने भएको र निज वा निजको परिवारको कुनै सदस्यको स्वास्थ्य सम्बन्धी गम्भिर प्रकृतिका समस्याको उपचार गर्न नसक्ने भएको व्यहोरा सहितको पीडित वा नाता प्रमाणितको आधारमा निजको परिवारको सदस्यले स्वास्थ्य सम्बन्धी गम्भिर प्रकृतिको समस्या भएको प्रमाणित गर्ने कागजात सहित सोझै नगरप्रमुख समक्ष निवेदन दिएमा नगर प्रमुखको आदेशमा नगरकार्यपालिका कार्यालयबाट प्रति पीडित व्यक्ति बढीमा रकम रु.२०,०००।-(अक्षरुपी दश हजार मात्र) सम्म निवेदकलाई उपलब्ध गराउनु पर्ने छ ।

ग) वडा कार्यालय वा नगरकार्यपालिकाको कार्यालयबाट एक पटक आर्थिक सहायता प्राप्त गरी सकेको पीडितलाई सोही प्रयोजनको लागि पुनः आर्थिक सहायता प्रदान गरिने छैन ।

घ) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असाहृय भई आम्दानी गर्न नसक्ने भएकोमा निजको वा निजको परिवारको कुनै सदस्यको मृत्यू भई लास उठाउन वा काज किरिया गर्न नसक्ने अवस्था भएको व्यहोरा वडा अध्यक्षबाट प्रमाणित भई आएमा प्रति परिवार बढीमा रकम रु.१०,०००।-( अक्षरुपी दश हजार मात्र) सम्म नगरकार्यपालिका कार्यालयले नाता प्रमाणितको आधारमा निजको परिवारको सदस्यलाई उपलब्ध गराउनु पर्ने छ ।

ङ)  कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असाह्य भई आम्दानी गर्न नसक्ने भएकोमा निजको वा निजको परिवारको कुनै सदस्यको मृत्यू भई लास उठाउन वा काज किरिया गर्न नसक्ने अवस्था भएको व्यहोरा सहितको पीडितबाट निवेदन आएमा र उक्त व्यहोरा नगरप्रमुखलाई मनासिव लागेमा नगरप्रमुखको लिखित आदेशमा प्रति पीडित रु.२०,०००।-(अक्षरुपी बीस हजार मात्र) सम्म नगरकार्यपालिका कार्यालयले नाता प्रमाणितको आधारमा निजको परिवारको सदस्यलाई आर्थिक सहायता रकम उपलब्ध गराउनु पर्ने छ ।

२. **दैवी प्रकोप पिडीतलाई उपलब्ध गराउने आर्थिक सहयाता**

क)  कुनै पनि व्यक्ति वा परिवार दैवीप्रकोपमा (जस्तैःआगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी, सडक दुर्घटना) मा परी मृत्यू भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सबैभन्दा नजिकका हकवालाबाट आर्थिक सहायता माग भई आएमा निजहरुलाई प्रतिव्यक्ति रकम रु. २५,०००।- (पच्चिस हजार रुपैया) का दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ ।

ख)  कुनै पनि व्यक्ति वा परिवारको घर दैवीप्रकोपमा (जस्तैः आगलागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी नष्ट वा नोक्सान भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सदस्यहरुले प्रचलित कानून बमोजिम आर्थिक सहायता माग गरेमा निजहरुलाई बढीमा १०,०००।- (दश हजार रुपैया) आर्थिक सहायता स्वरुप उपलब्ध गराईनेछ ।

३. **कार्यपालिको निर्णय अनुसार हुनेः** यस मापदण्डमा उल्लेख भए देखि बाहेकको अन्य कुनै आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएमा नगरकार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराईने छ ।

४. **खारेजी तथा बचाऊः** दुधौली नगरपालिकाको **"अशक्त, असहाय तथा दैवी प्रकोप पीडितको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७४"** खारेजी गरिएको छ । उक्त मापदण्ड बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।